देखि ४० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ। आएको छ।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

संस्कृति महाशाखा

सिंहदरबार, काठमाडौं।

# भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, २०७९ सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७९/०६/२४

यस मन्त्रालयको चालु आ.व.२०७९/८० को स्वीकृत कार्यक्रममा भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, २०७९ समर्पण गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम संचालन गर्न भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधिको दफा-५ मा व्यवस्था भए अनुसार देहायका विषयक्षेत्रमा तोकिएको योगदान पुऱ्याएका व्यक्ति वा संस्थाहरुबाट तोकिए बमोजिमका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र आवेदन/सिफारिस पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि यस मन्त्रालयको Website:www.tourism.gov.np मा राखिएको छ।

१. **पुरस्कारको विषयक्षेत्र**

(क) राजनीतिक, सामाजिक, शैक्षिक र साँस्कृतिक क्षेत्र

(ख) दलित मुक्ति आन्दोलनको क्षेत्र

(ग) समाज सुधार अभियानको क्षेत्र

(घ) मानव अधिकारको क्षेत्र

(ङ) सीप, कला, शिक्षा साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुसन्धानको क्षेत्र

२. **आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण र कागजातहरु**

(क) व्यक्ति/संस्थाको विवरण: नाम/थर, आमा/बुवाको नाम, विवाहित भए पति/पत्निको नाम, थर

(ख) सम्पर्क ठेगाना, इमेल, मोवाइल नम्बर

(ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

(घ) पासपोर्ट साइजको दुई प्रति फोटो

(ङ) स्थायी लेखा (PAN) नम्बर

(च) प्रकाशित उत्कृष्ट कृतिहरुको विवरण (एक प्रति कृति सम्भव भएसम्म)

(छ) प्रकाशित कृतिहरु नभए अन्य प्रकाशन, कागजातहरु भए सो समेत

**द्रष्टव्य:** पुरस्कारका लागि प्राप्त हुने सिफारिस वा विवरणपत्र चयन समितिको जानकारीको प्रयोजनको लागि सिमित रहनेछ। सिफारिस वा विवरणपत्र बाहेक पुरस्कार चयन समितिले योगदानको आधारमा समेत मूल्यांकन गर्न सक्नेछ।

**आवेदन/सिफारिस पठाउने ठेगाना**

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**संस्कृति महाशाखा,**

**सिंहदरबार, काठमाडौं**

**फोन नं.: ०१४२११९०९ र ०१४२११५९६**

CamScanner